सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश डा. श्री कुमार चुडाल

आदेश

०७७-WO-१२१४

मुद्दाः- उत्प्रेषण।

रीना कुमारी साह समेत.........................................................१ निवेदक

विरूद्ध

निर्वाचन आयोग नेपाल कान्तिपथ, काठमाण्डौ समेत...............................१ प्रत्यर्थी

मिसिल अध्ययन गरी निवेदकको तर्फबाट भिडियो कन्फ्रेन्स प्रविधिको माध्यम मार्फत विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री सुरेन्द्र कुमार महतो र श्री विजय कान्त मैनाली तथा विद्वान् अधिवक्ताद्वय श्री विरेन्द्र प्रसाद साह र श्री इश्वरी प्रसाद भट्टराईले गर्नुभएको वहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५(पन्ध्र) दिनभित्र विपक्षी नं. १ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा विपक्षी नं. २, ३, ४ र ५ को हकमा आफैं वा आफ्नो प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी प्रत्यर्थीहरुका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

यसमा निवेदकहरूले अन्तरिम आदेश समेत जारी गरी पाउँ भनी गरेको निवेदन मागका सम्बन्धमा हेर्दा निवेदिका रीना कुमारी शाह मौलापुर नगरपालिकाको निर्वाचित प्रमुख र निवेदक सियाराम प्रसाद कुशवाहा कटहरिया नगरपालिकाको निर्वाचित नगर प्रमुख भएको देखिन्छ। यी निवेदकहरूलाई राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३१(१)(२) र दफा ३२(१)(ख) बमोजिम दल त्याग गरेको एवम् राजनैतिक दल सम्बन्धी नियमावली, २०७४ को

Scanned with CamScanner

नियम २२ बमोजिम दल त्याग गरेकोले निजहरूको पद स्वतः रिक्त भएका भनी निर्वाचन आयोगबाट भएको निर्णय र सो पश्चात प्रकाशित सूचना नेपालको संविधानको धारा २१६ को उपधारा (८) एवम् राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २८, दफा ३१ तथा दफा ३२ समेतको गम्भीर त्रुटियुक्त रहेको भन्ने समेतको निवेदन मागदावी देखिन्छ।

नेपालको संविधानको भाग १७ मा स्थानीय कार्यपालिका सम्बन्धी व्यवस्था रहेको र धारा २१६ ले नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था गर्दै धारा २१६ को उपधारा (८) ले प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्य पदको पद रिक्त सम्बन्धमा व्यवस्था गरेको देखिन्छ। नेपालको संविधानको धारा ८९ ले संघीय संसदको सदस्यको स्थान रिक्त र धारा १८० ले प्रदेश सभाको सदस्यको स्थान रिक्त हुने सम्बन्धमा समरूप व्यवस्था गर्दै जुन दलको उमेदवार भई सदस्य निर्वाचित भएको हो। त्यस्तो दलले संघीय कानून बमोजिम निजले दल त्याग गरेको कुरा सुचित गरेमा संघीय संसदको सदस्य/प्रदेश सभाको सदस्यको स्थान रिक्त हुनेछ भन्ने व्यवस्था गरेको देखिन्छ।

राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३० ले दल त्याग सम्बन्धी व्यवस्था गर्दै दफा ३१ को उपदफा (१) ले दल त्याग गर्न सक्ने, व्यवस्था गरेको देखिन्छ भने दफा ३१ ले "दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापिन कुनै दलको तर्फबाट उमेदवार भई निर्वाचित भएको संघीय संसदको सदस्य प्रदेश सभाको सदस्य वा स्थानीय तहको सदस्यले त्यस्तो पदको पदावधि कायम रहे सम्म जुन दलको उमेदवार भई निर्वाचित भएको हो त्यस्तो दल त्याग गर्न सक्ने छैन।" भन्ने व्यवस्था गर्दै उपदफा (२) मा "उपदफा (१) प्रतिकूल हुने गरी कुनै सदस्यले दल त्याग गरेमा निज निर्वाचित भएको पद निजले दल त्याग गरेका मितिदेखि स्वतः रिक्त भएको मानिनेछ" भन्ने व्यवस्था गरेको देखिन्छ। साथै दफा ३२(१) ले दल त्याग गरेको अवस्थाको उल्लेख गर्दै लिखित राजिनामा दिएको वा निज आफैले वा निज संलग्न भई अर्को दलको सदस्यता लिएको वा अर्को दल गठन गरेको अवस्थामा दल त्याग गरेको मानिने भन्ने व्यवस्था गरेको पाइन्छ। प्रस्तुत निवेदन माग दावीको विवाद यिनै संवैधानिक तथा राजनैतिक दल सम्बन्धी ऐनको व्यवस्था बमोजिम राजनैतिक दल सम्बन्धी नियमावली, २०७४ अन्तर्गत निकालिएको सूचनासँग सम्वद्ध देखिन्छ।

Scanned with CamScanner

प्रस्तुत निवेदनका निवेदकहरू नगर प्रमुख भएका र निजहरूले राजिनामा नदिएको एवम अर्को दल गठन गरेको भन्ने देखिँदैन। साथसाथै अर्को दलको सदस्यता लिएको अवस्था पनि प्रमाणयुक्त तवरबाट पुष्टि हुन सकेको पाईंदैन। नेपालको संविधानले संघीय संसदका सदस्य एवम प्रदेश सभाका सदस्यको दल त्याग सम्बन्धी व्यवस्था र स्थानीय कार्यपालिकाका नगरप्रमुख लगायतहरूको दल त्याग सम्बन्धी व्यवस्था नै नितान्त भिन्न आधार र अवस्थाबाट गरेको देखिन्छ।

साथसाथै प्रस्तुत विवादसँग समरूपता राख्ने तेजमाया कामी वि. निर्वाचन आयोग समेत (०७६-WO-०६१५) तथा महादेव सिंह डडाल वि. निर्वाचन आयोग समेत (०७६-WO-०६९५) का रीट निवेदनहरूमा उपरोक्त उल्लेखित संवैधानिक एवम कानूनी व्यवस्थाको परिचर्चा गर्दै *प्रस्तुत विवादमा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २२ अन्तर्गत सूचना निकालिएको र सो नियमले ऐनको दफा ३२(१) बमोजिम दल त्याग गरेको अवस्थामा मात्र नियम २२ को प्रयोग हुने देखाएकोबाट दफा ३२(१) को शर्त पूरा भएको छ वा छैन अर्थात नियम २२ आकर्षित हुने अवस्था परेको छ वा छैन? त्यसरी सम्बन्धित पार्टीबाट अनुरोध भई आएमा दफा ३२(१) को अवस्था पूरा भएको छ वा छैन भन्ने निर्वाचन आयोगले हेर्नुपर्ने हो वा होइन? त्यसैगरी कुनै दलबाट निर्वाचित व्यक्तिलाई दल त्याग गरेको भनी पद रिक्त हुने निर्णयमा पुग्नु अघि त्यस्तो व्यक्तिलाई ऐनको दफा ३२ अनुसारको आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्ने हो वा होइन? दल नै त्याग गरेको अवस्थामा त्यस्तो व्यक्तिले स्पष्टीकरणको सूचना बुझ्छ वा बुझ्दैन, नबुझेको अवस्थामा निजले दल त्याग गरेको वस्तुनिष्ठ रुपमा के-कसरी यकिन गर्न सकिन्छ? सम्वन्धित पार्टीले स्पष्टीकरणको मौका दिइएको छ वा छैन भन्ने वस्तुनिष्ठ रूपमा कसरी यकिन हुने हो? त्यसै गरी संविधानको धारा ८९, ९६, १८० र २१५ को समन्वयतात्मक रूपमा के-कस्तो व्याख्या हुनुपर्ने हो भन्ने विषयमा जटिल कानूनी प्रश्न उत्पन्न भएको र सो प्रश्नहरूको पूर्ण इजलासबाट व्याख्या भई दल त्यागको विषयमा न्यायको रोहमा उपयुक्त स्थिति बस्नु वान्छनीय देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम प्रस्तुत रिट निवेदनमा संयुक्त इजलासको लगत कट्टा गरी सुनुवाईको लागि पूर्ण इजलाससमक्ष पेश गर्नू* भनी यसै अदालतको संयुक्त इजलासबाट आदेश भएको देखिन्छ।

Scanned with CamScanner

४

तसर्थ उपरोक्त आधार कारणबाट प्रस्तुत निवेदनमा संवैधानिक एवम् कानूनी व्यवस्थाको व्याख्यामा जटिल कानूनी प्रश्न उत्पन्न हुन आएको देखिएकाले प्रस्तुत निवेदन समेत संयुक्त इजलासको लगत कट्टा गरी सुनुवाईको लागि उपरोक्त रीट निवेदनहरू साथै लगाउमा राखी पूर्ण इजलास समक्ष पेश गर्नू।

साथै निवेदकहरूले अन्तरिम आदेश माग गरेको सम्बन्धमा प्रस्तुत विवादमा कानूनको गम्भीर व्याख्या निहित रहेको, निवेदकहरूले राजिनामा नदिएको, अर्को दलको सदस्यता नलिएको एवम निज आफैं वा निज समेत संलग्न भई अर्को दल गठन गरेको एकीन अवस्था नदेखिएको अवस्थामा निवेदकहरू प्रत्यक्ष जननिर्वाचित स्थानीय कार्यपालिकाको प्रमुखहरू भएकोले निजहरूले सम्पादन गर्नुपर्ने कानूनी कर्तव्य एवम् अधिकारको रोहबाट हुन सक्ने अपुरणीय क्षति (Irreparable loss) तथा द्विविधाको सुविधा निवेदकले पाउने हुँदा सुविधा सन्तुलनको (Balance of Convenience) कोणबाट निवेदकहरू रीना कुमारी साह र सियाराम प्रसाद कुशवाहका सम्बन्धमा दल त्याग सम्बन्धी नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्रको केन्द्रीय कार्यालय कोटेश्वर, पेरिशडाँडा, काठमाडौंको मिति २०७८।१।१४ को निर्णय, सो मिति २०७८।१।१४ को पत्रको आधारमा निर्वाचन आयोगको मिति २०७८।३।९ को निर्णय र मिति २०७८।३।११ को निर्वाचन आयोगको सूचना लगायतका क़ाम कारवाही पत्राचार समेत प्रस्तुत रीट निवेदनको अन्तिम टुँगो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूका नाममा यो अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरूलाई गराउनू।

न्यायाधीश

इति संवत् २०७८ साल असार १५ गते रोज ३ शुभम् ..........................................।

Scanned with CamScanner